# उद्योग वाणिज्य सन्देश

मासिक

A Newsletter of CHITWAN CHAMBER OF COMMERCE & INDUSTRY

वर्ष ३०, अकं ५, भदौ २०८२ August/September 2025


## महिला उद्यमी मेलाको उद्घाटन समारोह







चितवन उद्योग वाणिज्य संघको आयोजना र महिला उद्यमी विकास समिति चितवनको सक्रियतामा आयोजित चितवन महिला उद्यमी मेला २०८२ सम्पन्न भएको छ । २०८२ भाद्र १९ गतेदेखि २३ गतेसम्म चितवन उद्योग वाणिज्य संघको परिसरमा सञ्चालित मेलाको बागमती प्रदेश सरकारका सहकारी तथा गरिबी निवारण मन्त्री माननीय बिनु रायमाझी पौडेलले एक कार्यक्रमकाबिच उद्घाटन गर्नुभएको थियो । उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि एवम् बागमती प्रदेश सरकारका सहकारी तथा गरिबी निवारण मन्त्री माननीय बिनु रायमाझी पौडेलले महिलाहरु उत्पादनमा जोडिनु आवश्यक रहेको बताउँदै उहाँले उत्पादनमा नजोडिएसम्म महिला आत्मनिर्भर बन्न नसक्ने बताउनुभएको थियो । उहाँले महिला उद्यमी मेलाले चितवन र आसपासका महिलाहरुलाई उद्यमी बनाउन योगदान पुर्‍याउने बताउँदै महिला चुलो चौकामा मात्रै सिमित हुन नहुने भन्दै महिलालाई राज्यको नीति निर्माणको तहमा पुर्‍याउनुपर्नेमा जोड दिनु भएको थियो ।मेलाको उद्घाटन कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै चितवन उद्योग वाणिज्य संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले चितवन उद्योग वाणिज्य संघले महिला उद्यमशीलता विकासमा निरन्तर कार्यक्रम संचालन गर्दै आइरहेको बताउँदै उहाँले महिला उद्यमीहरूलाई उद्यमशीलतातर्फ उन्मुख गराउँदै लैजाँदा महिलाहरूले उत्पादन गरेका उत्पादनहरुको आवश्यक

## महिला उद्यमी मेलाको समापन समारोह




यसै गरी २०८२ भाद्र २३ गतेका दिन बागमती प्रदेश सभा सदस्य माननीय माया श्रेष्ठको प्रमुख आतिथ्यतामा मेलाको समापन समारोह आयोजना गरिएको थियो । मेलाको प्रमुख अतिथि माया श्रेष्ठलेले सहभागी प्रदर्शकहरूलाई प्रमाण-पत्र वितरण गर्दै मेलाले चितवन जिल्लाको पहिचान वृद्धि गर्नुकासाथै महिला उद्यमीलाई प्रोत्साहन गर्नमा कोसे ढुंगाको रुपमा स्थापित भएको बताउनुभयो । कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठले उद्यमशीलता विकास मार्फत महिलालाई आय आर्जनमा आकर्षित गर्नुकासाथै महिला उद्यमीद्वारा उत्पादित वस्तुको प्रचार-प्रसार गर्नलाई मेलाले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो । समापन समारोहमा उद्योग तथा वाणिज्य कार्यालय चितवनका प्रमुख विनोद पौडेल लगायतले मन्तव्य राख्नुभएको थियो । मेलाको समापन समारोह संघका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता, एवम् महिला उद्यमी विकास समिति संयोजक अस्मिता तिमल्सिनाले धन्यवाद ज्ञापनसहित समापन गर्नुभएको कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५० AN ISO 9001:2015 CERTIFIED CHAMBER

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.22347/0

प्रकाशक चितवन उद्योग वाणिज्य संघ, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL : www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## चितवन उद्योग वाणिज्य संघ

### लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

### परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउँदै वढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्धेश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**संयोजक:**
बिष्णु लम्साल - कार्यसमिति सदस्य

**सदस्यहरू:**
हिम्मत पुरी, पदम पौडेल, वाशुदेव दवाडी, अमर कुंवर, नारायण काफ्ले, बाबुराम रामुदामु

**सल्लाहकारहरू:**
राजेन्द्र ओली, विज्ञानलाल श्रेष्ठ

**सम्पादक:**
गणेश सुवेदी- कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन:**
बिनायक लम्साल - सूचना प्रविधि अधिकृत

बजार पहिचान गरी बिक्री वितरण गर्न नसकेमा सफलता हासिल नहुने भन्दै यस किसिमका कार्यक्रमले महिलालाई आर्थिक रुपमा सबल बनाउन मद्दत पुग्ने बताउनुभएको थियो । कार्यक्रमको समुद्घाटन समारोहमा जिल्ला समन्वय समितिका प्रमुख एवं विशिष्ट अतिथि नारायणप्रसाद अधिकारीले उत्पादन विना समृद्धिको परिकल्पना गर्न नसकिने बताउँदै उहाँले राज्यले नीति निर्माण गर्दा आधा आकाश ढाक्ने महिलाहरूका मुद्दामा पनि ध्यान दिनुपर्ने र आर्थिक समृद्धिको लागि भाषणभन्दा काम गर्नुपर्ने अवस्था आएको बताउनुभएको थियो । कार्यक्रममा भरतपुर महागरपालिका उपप्रमुख एवम् विशिष्ट अतिथि चित्रसेन अधिकारीले उद्यमशीलता विना राज्य समृद्ध नहुने बताउँदै मेलाले वस्तु बजारीकरणमा सहयोग गर्ने बताउनुभएको थियो ।

मेलाको उद्घाटन सत्रमा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष गुणराज श्रेष्ठ, चितवन उद्योग संघका अध्यक्ष मदन घिमिरे, रत्ननगर उद्योग वाणिज्य संघका अध्यक्ष शंकर गिरी, भरतपुर महानगरपालिका वडा नं १ का वडा अध्यक्ष केशव महर्जन, महिला उद्यमी मेलाका संस्थापक संयोजक रजनी मास्केलगायतले मन्तव्य राख्नुभएको थियो । २०८२ भाद्र १९ गतेदेखि २३ गतेसम्म सञ्चालन भएको उक्त मेलामा घरेलु, साना उद्योग, लघु उद्योग एवं हस्तकलाका ३२ वटा स्टलहरुरहेका थिए । उद्यमशीलतामार्फत महिला सशक्तीकरण भन्ने मूल नाराकासाथ आयोजना गरिएको उक्त मेलालाई भरतपुर महानगरपालिको कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय चितवन, प्रदेश प्राविधिक तथा व्यावसायिक तालिम शिक्षा परिषद्, सहयोगी संस्थाको रुपमा रहेका थिए ।

मेलाको समुद्घाटन समारोह संघका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता एवम् संघका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन सहित समापन गर्नुभएको कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## संघका सदस्यहरूलाई हस्पिटालिटि एवम् फिटनेश सेवामा छुट



चितवन उद्योग वाणिज्य संघका सदस्य उद्योगी व्यवसायीले भरतपुर महानगरपालिका वडा नं २ मा रहेको राइनो फिटनेश हव प्रा.लि. र चितवनको सौराहास्थित सौराहा रोयल टाइगर रिसोर्ट प्रा.लि.मा छुट पाउने भएका छन् । चितवन उद्योग वाणिज्य संघका सदस्यलाई छुट दिने सम्बन्धी राइनो फिटनेश हव प्रा.लि., सौराहा रोयल टाइगर रिसोर्ट प्रा.लि. र चितवन उद्योग वाणिज्य संघबिच २०८२ भाद्र ९ गते सम्झौता पत्रमा हस्ताक्षर भएको हो ।

सम्झौता पत्रमा हस्ताक्षर गर्ने कार्यक्रममा बोल्दै चितवन उद्योग वाणिज्य संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले संस्थागत उत्तरदायित्व अर्न्तगत रहेर संघमा आवद्घ सदस्य व्यवसायीलाई उक्त छुट दिने व्यवस्था गरिएको बताउनुभएको थियो । उहाँले अन्य सेवा उपलब्ध गराउने संस्थाहरुसँग पनि छुट गराउन पहल गरिरहेको बताउनुभयो ।

राइनो फिटनेश हव प्रा.लि. एवम् सौराहा रोयल टाइगर रिसोर्ट प्रा.लि.का अध्यक्ष रामप्रसाद गजुरेलले चितवन उद्योग वाणिज्य संघमा आवद्घ सदस्यलाई सेवा सुविधा दिन पाउँदा खुसी लागेको बताउँदै आगामी दिनहरूमा पनि यस किसिमका छुट उपलब्ध गराउँदै लैजाने बताउनुभयो ।

सहुलियत सुविधा प्राप्त गर्नको लागि चितवन उद्योग वाणिज्य संघमा आवद्घ सदस्यहरूले संघबाट उपलब्ध गराएको सदस्यता परिचयपत्र देखाउनु पर्नेछ र संघको सदस्यता नवीकरण भएका सदस्यहरूले राइनो फिटनेश हव प्रा.लि.मा २० प्रतिशत र सौराहा रोयल टाइगर रिसोर्ट प्रा.लि.मा २० प्रतिशतसम्म छुट सुविधा पाउने छन् ।

सम्झौता पत्रमा संघको तर्फबाट अध्यक्ष सुमनकुमार श्रेष्ठ, कार्यकारी निर्देशक निलबहादुर

के.सीले हस्ताक्षर गर्नुभएको थियो भने राइनो फिटनेश हव प्रा. लि. एवम् सौराहा रोयल टाइगर रिसोर्ट प्रा. लि.का तर्फबाट अध्यक्ष रामप्रसाद गजुरेलले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो ।

यस पूर्वनै सम्झौता पत्रमा हस्तक्षर भई छुट उपलब्ध गराईरहेका व्यावसायिक प्रतिष्ठानहरू एन.पि.आई. नारायणी सामुदायिक हस्पिटल, चितवन मेडिकल कलेज (ऋ:ऋ), कलेज अफ मेडिकल साइन्सेज (CMS) टिचिङ हस्पिटल, चितवन मुटु हस्पिटल प्रा.लि., निको चिल्ड्रेन हस्पिटल, पुष्पाञ्जली हस्पिटल प्रा.लि., मौलाकालिका अस्पताल प्रा.लि., भरोसा हस्पिटल चितवन प्रा.लि., चितवन मिडटाउन रिसोर्ट प्रा.लि. (CMT), ग्यालेक्सी गार्डेन रिसोर्ट प्रा.लि., भरतपुर गार्डेन होटल प्रा.लि., अशोका रिसोर्ट प्रा.लि., रोज गार्डेन रिसोर्ट, होटल सिराईचुली, कविलास रिसोर्ट प्रा.लि., पोखरा स्थित होटल बाराही र गन्तव्य रिसोर्ट, इटहरी स्थित होटल इनटुरिष्ट, मनकामना दर्शन प्रा.लि., मौलाकालिका केवलकार लि., ओपन स्काइ प्यारागलाइडिङ प्रा.लि.ले पनि संघका सदस्यहरुलाई छुट सुविधा उपलब्ध गराउँदै आएका छन् ।

## नापतौलका यन्त्रहरूको जाँच पास तथा नवीकरण



चितवन उद्योग वाणिज्य संघको आयोजनामा गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय वीरगन्जसँग समन्वय गरी उक्त कार्यालयबाट नापतौल तथा नाप्ने, तौल्ने यन्त्रहरु (लिटर, मिटर, कम्प्युटर, तौल, किलो, ग्राम) को जाँच, पास, नवीकरण तथा दर्ता गर्ने काम चितवनमा सम्पन्न भएको छ । गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय वीरगन्जका निरीक्षक श्रीकान्त चौधरीको नेतृत्वमा आएको एक टोलीले चितवन उद्योग वाणिज्य संघको कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसायीहरुका यन्त्रहरुका नाप, जाँच तथा दर्ता नवीकरण गर्ने कार्य गरेको हो । चितवन उद्योग वाणिज्य संघको परिसरमा मिति २०८२ भदौ १२ गतेदेखि १७ गतेसम्म बिहान १०बजेदेखि ५ बजेसम्मको समयावधिमा जम्मा ४३७ जना व्यवसायीहरुले आफ्ना यन्त्रहरुको जाँच पास तथा अनुमति-पत्र प्रदान गरेका थिए । संघले प्रत्येक वर्ष गुणस्तर तथा नापतौल क्षेत्रीय कार्यालय वीरगन्जबाट टोली खटाई यस किसिमको सेवा प्रदान गर्दै आइरहेको छ ।

## नुवाकोट उद्योग वाणिज्य संघको भ्रमण टोलीको स्वागत एवम् छलफल कार्यक्रम सम्पन्न

नुवाकोट उद्योग वाणिज्य संघको अध्ययन अवलोकन भ्रमण टोलीलाई २०८२ भाद्र १८ गते संघको सचिवालयमा स्वागत एवं छलफल कार्यक्रम सम्पन्न भएको थियो । नुवाकोट उद्योग वाणिज्य संघका अध्यक्ष राजेन्द्र श्रेष्ठको नेतृत्वमा चितवन आएको अध्ययन अवलोकन टोलीलाई स्वागतसहित छलफल कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै चितवन उद्योग वाणिज्य संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले संघको विगत र वर्तमान अवस्थाको बारेमा जानकारी गराउनुकासाथै निजी क्षेत्रको विकासका लागि जिल्ला तथा नगर उद्योग वाणिज्य संघको साझा आर्थिक एजेण्डा तय गर्नुपर्ने बताउँदै संघले यसको नेतृत्व गर्न तयार भएको बताउनुभएको थियो । सो कार्यक्रममा नुवाकोट उद्योग वाणिज्य संघका अध्यक्ष राजेन्द्र श्रेष्ठले चितवन उद्योग वाणिज्य संघले नेतृत्व गर्ने सबैखाले मुद्दाका ऐक्यबद्धता रहने बताउनुभयो ।




नुवाकोट उद्योग वाणिज्य संघका अध्यक्ष राजेन्द्र श्रेष्ठको नेतृत्वमा चितवन आएको भ्रमण टोलीमा १४ जनाको सहभागिता रहेको थियो । चितवन उद्योग वाणिज्य संघका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले सञ्चालन गर्नु भएको थियो ।

# प्रेस विज्ञप्ती

चितवन उद्योग वाणिज्य संघ
Chitwan Chamber of Commerce & Industry
Quality Management System ISO 9001:2015 Certified Organization

Bharatpur Metropolitan City, Ward No. 1
Chamber-Marga, Narayangarh, Chitwan
Telephone: 056-596108, 596208, 296308
website: www.chitwancci.org.np
info@chitwancci.org.np, ccicchitwan@gmail.com

मितिः २०८२/०५/१३

## प्रेस विज्ञप्ति

संघिय संसदबाट पारितका लागि विद्यालय शिक्षा सम्बन्धी विधेयक २०८० संसदको विषयगत समितिमा अन्तिम छलफलमा रहेको छ। उक्त विधेयकले राष्ट्को समग्र शिक्षा प्रणालीलाई मागदर्शन गर्दै शिक्षा क्षेत्रको बिकास तथा प्रवर्द्धनलाई योगदान पुऱ्याउने आशा पनि गरिएको थियो। तर संसदको विषयगत समितिमा प्रस्तुत विद्यालय शिक्षा विधेयकका केही प्रावधानहरूले निजी विद्यालयहरूको अस्तित्व, स्वायत्तता र लगानीमै गम्भीर चुनौती खडा गरेको देखिएकाले यसप्रति चितवन उद्योग वाणिज्य संघ गहिरो असन्तोष प्रकट गर्दछ।

नेपाल सरकारले सरकारी विद्यालयमा गुणस्तरी शिक्षाको माग पुरा गर्न नसक्दा निजी विद्यालय विकल्पको रुपमा महत्वपूर्ण भूमिका खेल्दै वि.सं २०२८ सालबाट स्थापना भई सञ्चालन हुँदै आएको निजी विद्यालयहरूले शहरी तथा ग्रामीण क्षेत्रको गुणस्तरीय शिक्षा खाँचो पूरा गर्ने मूख्य आधार बन्दै आएका छन। निजी विद्यालयहरूमा प्रि-प्राइमरीदेखि कक्षा १२ सम्म नेपालको करिव २५ प्रतिशत विद्यार्थीहरू अध्ययन गर्ने थलोको रुपमा विकास भएको छ। निजी विद्यालयहरूले नयाँ शैक्षिक प्रविधि, ICT प्रयोग, अतिरिक्त क्रियाकलाप र विद्यार्थी केन्द्रित शिक्षण शैली ल्याएका कारण हाल यसले सार्वजनिक विद्यालयहरूलाई पनि गुणस्तर सुधारतर्फ प्रतिस्पर्धी हुन दबाब सृजना हुँदा सार्वजनिक विद्यालयहरूको समेत गुणस्तर वृद्धिहुँदै आएको कुरा सर्वविदितै छ।

नेपालमा रोजगारीको अभाव कारण श्रम पलायनको भयानक अवस्था सृजना भई देशको अर्थतन्त्र पूर्णरुपमा विप्रेषणमा आश्रित भएको छ। यस्तो विशम अवस्थामा समेत निजी क्षेत्रले शिक्षा क्षेत्रमा करिब ४५ प्रतिशत लगानी गरी करिब ४ लाखको संख्यामा रोजगारी सृजना गर्दै आइरहेको छ। साथै निजी विद्यालयहरूका कारणलेनै नेपालका विद्यार्थीहरू अन्तर्राष्ट्रियस्तरमा उच्च शिक्षाका लागि अन्य देशहरूसँग प्रतिस्पर्धी हुन सफल भएका छन। सरकारी र निजी दुवै पक्षले शैक्षिक गुणस्तर एवम् नीतिगत सुधार गर्दै अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई आर्कषण गर्नुपर्ने देखिन्छ।

निजी विद्यालयहरूले लामो समयदेखि देशको शिक्षामा महत्वपूर्ण योगदान दिँदै आएका छन्। राज्यले अवलम्बन गरेको नीति र प्रस्तावित विधेयकका प्रावधानहरू कार्यान्वयनमा आयो भने यसले विद्यार्थी, अभिभावक र सम्पूर्ण शिक्षा क्षेत्रलाई अपूरणीय क्षति पुऱ्याउनेछ। हामी शिक्षालाई व्यापार होइन, गुणस्तरीय अवसरका रूपमा लिने पक्षधर हौं। तर सरकारले लगानीमै आघात गर्ने, विद्यालयहरूको अस्तित्वमै प्रश्न खडा गर्ने, र निजी क्षेत्रलाई दुरुत्साहित गर्ने नीति अवलम्बन गरेको देखिएको छ।

संघिय संसदमा प्रतिनिधित्व गर्ने राजनैतिक दल, माननीय सांसद र सरोकारवाला सबै यस विषयमा थप जिम्मेवार भई निजी विद्यालयसंग सम्वद्ध सरोकारवाला विभिन्न संघ, संस्था, निजी क्षेत्रको प्रतिनिधित्व गर्ने नेपाल उद्योग वाणिज्य महासंघको पहलकदमीमा तत्काल विभेदकारी व्यवस्थाको अन्त्य गरी समन्यायीक सामाजिक न्याय तथा शिक्षा सहितको बिद्यालय शिक्षा सम्बन्धि ऐन २०८२ आउनेमा विश्वासका साथ संघिय संसद र सरोकारवाला सबैको चितवन उद्योग वाणिज्य संघले जोडदार माग गर्दछौ। साथै आन्दोनरत पक्षलाई पनि बन्दहड्ताल जस्ता क्रियाकलाप नगर्नुहुन समेत अपिल गर्दछौ।

सुमनकुमार श्रेष्ठ
अध्यक्ष

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.22347/0

STOP Child Labour

मितिः २०८२।०५।२४

**चितवन उद्योग वाणिज्य संघ, रत्ननगर उद्योग वाणिज्य संघ, खैरहनी उद्योग वाणिज्य संघ र राप्ती उद्योग वाणिज्य संघको**

**सयुक्त प्रेस विज्ञप्ती ।**

नेपाल सरकारद्धारा हालसालै सामाजिक सञ्जाल र विभिन्न संचार प्लेटफर्महरू निषेध गरिएको विषय साथै भ्रष्टाचार नियन्त्रण र सुशासनको माग राखि जेन-जी युवा पुस्ताले हिजो मिति २०८२ भाद्र २३ गते आयोजना गरेको शान्तिपूर्ण विरोध ऱ्यालीमा भएको क्रुर दमनप्रति चितवनका निजी क्षेत्रको गम्भिर ध्यानाकर्षण भएकोछ। शान्तिपूर्ण विरोध प्रदर्शनमा भएको ज्यादती दुखद र त्रासदिपूर्ण छ। निशस्त्र युवा विद्यार्थीहरू माथि यति ठूलो संख्यामा सुरक्षाकर्मीको गोली खाएर मर्नुपर्ने अवस्थाले नेपालको संकटपूर्ण अवस्थाको प्रतिबिम्बित गरेको छ । सरकारको अकर्मण्यताका कारण ज्यान गुमाएका युवा विद्यार्थीहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घाइतेको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

सूचना तथा प्रविधिले विश्व आज एउटा सानो गाउँको रुपमा विकसित भैसकेको अवस्थामा विश्वका मानिसहरूको सामाजिक सञ्जाल दिनचर्या मात्र होइन आय आर्जनको एक उत्कृष्ट प्लेटफर्मको रुपमा विकसित भइसकेको छ । कुनैपनि राज्यमा सामाजिक सञ्जाल सञ्चालनका विभिन्न प्रक्रिया हुन्छन्, नियमन गरिनुपर्ने विभिन्न विधि र प्रक्रिया हुन्छन् तर सोही नाममा सरकारले मनोमानी ढंगले सामाजिक सञ्जाल बन्द गर्नु घोर आपत्तिजनक र अदुरदर्शी निर्णय भएको निजी क्षेत्रको ठहर रहेको छ । सूचना प्रविधिको माध्यमले संसारका गरिब र अल्पविकसित मुलुकले समेत सार्वजनिक सेवा प्रदान गर्दै प्रविधिमा महत्वपूर्ण फड्को मारेको अवस्थामा राज्यबाट भएको यो निर्णय र निर्मम नरसँहार कुनै हालतमा पनि स्विकार्य हुन सक्दैन ।

देशको अर्थतन्त्र दिनानुदिन नाजुक बन्दै गएको छ । श्रम पलायनले देश विक्षिप्त बनेको छ , देशमा केही गर्छु भन्ने मान्यता राखेका युवा, नवप्रवर्तकलाई मात्र होइन उद्यम व्यवसाय सञ्चालन गरेका उद्यमी व्यवसायीहरू पनि पूर्ण रुपमा हतोत्साहित भएका छन् । नेपालीहरूका महान चाडपर्वहरू नजिक आउँदै गरेको अवस्थामा भएको दुःखद घटनाप्रति पुनः आपत्ति जनाउँदै सरकारबाट भएको अमानवीय दमन बन्द गर्न, उद्यम व्यवसाय सुचारु रुपमा सञ्चालन हुने वातावारण सिर्जना गर्न, आम सर्वसाधारणलाई आवागमनका लागि सहज वातावरण सिर्जना गर्न सम्बन्धित सम्पूर्ण पक्षसँग हार्दिक अपिल गर्दछौ । जेन-जी पुस्ताको माग केवल उनीहरूकै लागि मात्र नभई सम्पूर्ण नेपालीको उज्ज्वल भविश्यका लागि भएकाले नयाँ पुस्ताको भ्रष्टाचार नियन्त्रण र सुशासन लगायतका जायज मागहरूको समर्थन गर्दै चितवनका निजी क्षेत्रको ऐक्यवद्धता जनाउदछौ ।

| सुमनकुमार श्रेष्ठ | शंकर गिरी | कुमार खनाल | राजकुमार कँडेल |
|---|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| चितवन उद्योग वाणिज्य संघ | रत्ननगर उद्योग वाणिज्य संघ | खैरहनी उद्योग वाणिज्य संघ | राप्ती उद्योग वाणिज्य संघ |

# चितवन उद्योग वाणिज्य संघ
Chitwan Chamber of Commerce & Industry
Quality Management System ISO 9001:2015 Certified Organization

Bharatpur Metropolitan City, Ward No. 1
Chamber-Marga, Narayangarh, Chitwan
Telephone: 056-596108, 596208, 296308
website: www.chitwancci.org.np
info@chitwancci.org.np, ccicchitwan@gmail.com


मितिः- २०८२।०५।२५

## प्रेस विज्ञप्ती ।

सुशासन, भ्रष्टाचारमुक्त समाज, सामाजिक सुधार लगायतका माग र राज्यले विभिन्न सामाजिक सञ्जाल तथा अनलाईन प्लेटफर्महरु निषेध गरिएको बिषयको विरोध गर्दै नेपालका बिभिन्न स्थानहरुमा २०८२ भाद्र २३ र २४ गतेको आन्दोलनमा भएको धन जनको अपूरणिय क्षति प्रति चितवन उद्योग वाणिज्य संघ गहिरो दुःख ब्यक्त गर्दछ । तर आन्दोलनको नाममा गरिएको तोडफोड र आगजनीका कारण भएको सार्वजनिक एवम् निजी सम्पत्तिको क्षतिप्रति यस संघको गम्भिर ध्यानाकर्षण हुनुका साथसाथै यस किसिमको कार्य प्रति घोर भर्त्सना गर्दछ ।

नवयुवा पुस्ताले जायज माग राखि गरेको शान्तिपूर्ण आन्दोलन प्रति यस संघले ऐक्यवद्धता जनाई सकेको छ । सार्वजनिक सम्पत्ति सम्पूर्ण राष्ट्रको सम्पत्ति मात्र नभई देश विकासको मेरुदण्ड, राष्ट्रको पहिचान र गौरव संग जोडिएको विषय हो भने निजी सम्पत्ति नागरिकको श्रम, लगानि र भविष्यको आशा जोडिएको अमुल्य धरोहर हो । सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने, वेचविखन गर्ने तथा ब्यवसाय गर्न पाउनुपर्ने मौलिक अधिकार मात्र नभई सर्वमान्य सामाजिक न्यायको सिद्धान्त हो भन्ने संघको ठहर रहेको छ । यस्ता सम्पत्ति नष्ट गर्नु लोकतन्त्रको भावना विपरित मात्र होइन, मुलुकको अर्थतन्त्र, रोजगार र सामाजिक विकासमा गम्भिर असर पर्ने कार्य हो । निजी सम्पत्ति विनाश हुँदा हजारौं श्रमिक वेरोजगार हुने, आपूर्ति प्रणाली अवरुद्ध हुने, उत्पादन र सेवा वितरण रोकिने र परिणामस्वरुप अर्थतन्त्रमा नकारात्मक असर पर्दछ । संघ लोकतान्त्रिक आन्दोलन र शान्तिपूर्ण विरोधलाई सम्मान गर्दछ, तर हिंसात्मक गतिविधि ,सम्पत्ति विनाश र असामाजिक ब्यवहारलाई दृढतापूर्वक अस्विकार गर्दछ ।

बर्तमान अवस्थामा आन्दोलनकारिको माग सम्बन्धमा सम्बन्धित निकायहरुबाट वार्ता र छलफलको माध्यमबाट समस्या समाधानका लागि पहल समेत भैसकेकोले शान्ति सुरक्षा सुनिश्चत गर्न, सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा गर्न, नागरिकलाई आत्मविश्वास दिलाउन र ब्यवसायिक बातावरणलाई सुरक्षित बनाउन प्रभावकारी कदम चाल्नको लागि सम्बन्धित सबैमा चितवन उद्योग वाणिज्य संघ हार्दिक अपिल गर्दछ । मुलुकको आर्थिक समृद्धि, रोजगारी सिर्जना र शान्तिपूर्ण वातावरण निर्माणमा संघ सदैव कटिवद्ध रहेको प्रतिवद्धता ब्यक्त गर्दै सबै पक्षलाई संयमताका साथ जिम्मेवार रहि शान्तिपूर्ण तवरले समाधान खोज्न अनुरोध गर्दछौं । साथै वर्तमान जटिल परिस्थितिलाई मध्येनजर गर्दै आफ्नो उद्योग तथा ब्यवसायलाई सर्तकताका साथ सुरक्षित राख्न उद्यमी ब्यसायिलाई अनुरोध गर्दछौं ।

सुमन कुमार श्रेष्ठ
अध्यक्ष

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.22347/0

STOP Child Labour

# चितवन उद्योग वाणिज्य संघको सदस्यता लिएपछि पाउने छुट सुविधाहरु

**कर सेवा :**

सदस्यहरुलाई कर भुक्तानीका लागि सहजिकरण गर्न आन्तररिक राजश्व कार्यालय भित्र निशुल्क सेवा दिने उद्देश्यले कर सहायता कक्ष स्थापना गरिएको छ ।

**स्वास्थ्य सेवा :**

१. एन. पि. आई. नारायणी सामुदायिक हस्पिटल

- आधिकारीक परिचय पत्र भएका चितवन उद्योग वाणिज्य संघका सदस्यहरुलाई हस्पिटलमा उपलब्ध ओ.पि.डी टिकट, औषधी, सीटी स्क्यान र क्षउबलित बाहेक अन्य सम्पूर्ण सेवामा १५ प्रतिशत छुट पाईने छ ।

**पुनश्च :** चितवन उद्योग वाणिज्य संघबाट छुट कार्ड उपलब्ध गराईने छ ।

२.चितवन मेडिकल कलेज (CMC)

- सडक दुर्घटना, कस्मेटिक सर्जरी, Dental Treatment, Medico Legal Case, ओ.पि.डी र इमरर्जेन्सी टिकट बाहेक स्वास्थ्य उपचार सेवामा २५ प्रतिशत र फार्मेसीमा ७ प्रतिशत रमक छुट पाईने छ ।

चितवन मेडिकल कलेजले छुट कार्ड उपलब्ध गराउने छ ।

३. कलेज अफ मेडिकल साइन्स (CMS) टिचिङ्ग हस्पिटल

- सदस्य छुट सुविधा : ओ.पि.डीमा २५%, आई.पि.डीमा १५%, फार्मेसीमा ५%, रेडियोलोजीमा १०%

४. चितवन मुटु हस्पिटल प्रा.लि.

फार्मेसी बाहेकका सवै सेवामा २०% छुट सुविधा पाउने ।

५. निको चिल्डेन हस्पिटल

फार्मेसी बाहेकका सवै सेवामा १५% छुट सुविधा पाउने ।

६. पुष्पाञ्जली हस्पिटल प्रा.ली, भरतपुर-१०, चितवन

बेडचार्ज, ल्याब टेस्ट (त्यहाँ हुने), ई.सी.जी, इको, भिडिओ एक्सरे, एक्सरे, लगायतमा २५ ٪ अप्रेशन, सिटीस्क्यान र क्याबीनमा १०٪, औषधीमा ७٪ प्रतिशत सम्म छुट दिइने छ ।

७. मौलाकालिका अस्पताल प्रा.ली , भरतपुर-१०, चितवन

अस्पतालले दिने सम्पूर्ण सेवामा २५ ٪ (OPD टिकट वाहेक) र फार्मेसीमा ५ ٪ छुट दिइने छ ।

८. भरोसा हस्पिटल चितवन प्रा.ली , भरतपुर-१०, चितवन

स्वास्थ्य उपचार सेवामा २५%, फार्मेसीमा ७%

**हस्पिटालीटी सेवा :**

१. चितवन मिड टाउन रिसोर्ट प्रा. लि. (CMT), भरतपुर १०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |
| ३. | हल भाडा | १० % |

२. ग्यालेक्सी गार्डेन रिसोर्ट प्रा. लि. , भरतपुर-४, यज्ञपुरी

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

३. भरतपुर गार्डेन रिसोर्ट प्रा. लि., भरतपुर-१०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

४. अशोका रिसोर्ट प्रा. लि., भरतपुर-२७, दासढुङ्गा, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

५. रोज गार्डेन रिसोर्ट प्रा. लि., भरतपुर-९, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

६. सिराईचुली होटल, भरतपुर-१०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १० % |
| २. | कोठा सुविधा | १५ % |

७. होटल रोयल सेन्चुरी प्रा. लि, भरतपुर-१०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | ३५ % |

८. गन्तव्य रिसोर्ट, पोखरा-१९, लेकसाईड कास्की

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २५ % |

९. होटल इनटुरिष्ट, इटहरी, सुनसरी

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १० % |
| २. | कोठा सुविधा | २० % |

१०. कविलास रिसोर्ट प्रा.लि, भरतपुर-२९

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट % |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ % |
| २. | कोठा सुविधा | २० % |

११. होटल बाराही , लेकसाईड पोखरा

संघका सदस्यहरुले २५ प्रतिशत छुट पाउन

१२. सौराहा रोयल टाइगर रिसोर्ट प्रा.लि

संघका सदस्यहरुले २० प्रतिशत छुट पाउन

**केबुलकार सेवा :**

१. मनकामना दर्शन प्रा. लि. - संघको सदस्यलाई १५ प्रतिशत छुट पाउने

२. मौलाकाली केवलकार लि. - संघको सदस्यलाई २० प्रतिशत छुट पाउने

**प्यारागलाइडिङ्ग सेवा :** १. ओपन स्काइ प्यारागलाइडिङ्ग प्रा. लि., लेक साइड,पोखरा - संघको सदस्यलाई १५ प्रतिशत छुट पाउने

**फिट्नेस सेवा :**

१. राइनो फिटनेश हव प्रा.लि. - संघका सदस्यहरुले २० छुट पाउन

**पुनश्च :** चितवन उद्योग वाणिज्य संघबाट उपलब्ध गराईएको परिचय पत्र बाट छुट सुविधा लिन सकिने छ।



चितवन उद्योग वाणिज्य संघ
नि:शुल्क करदाता सहायता कक्ष
Taxpayer Facilitation & Resource Center
आन्तरिक राजश्व कार्यालय, भरतपुर, चितवन
प्रदान गर्ने सेवाहरु:
स्थाई लेखा नम्बर दर्ता / PAN Registration
कर चुक्ता प्रमाण-पत्र / Issuance of Tax Clearance Certificate
D01, D02, D03 विवरण भर्ने / Income Tax Form Fill up
स्वयं सेवाको व्यवस्था / Self-Service
अन्तशुल्क दर्ता, नविकरण / Excise registration, renewal
कर तथा राजश्व नीति सम्बन्धी परामर्श सेवा / Consulting Services on Tax and Revenue Policy
For More Info:
Chitwan Chamber of Commerce & Industry
Chamber Marga, Narayangarh, Chitwan
Phone : 056-596108, 596208, 596308
Email: ccicchitwan@gmail.com
Web: chitwancci.org.np

# सदस्यता नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

चितवन उद्योग वाणिज्य संघको विधान दफा ११ (ख) बमोजिम आ.व. २०८१/२०८२ को सदस्यता नवीकरण प्रत्येक वर्षको असोज मसान्त भित्रमा गर्नुपर्ने व्यवस्था भए बमोजिम हाल सम्म पनि आफ्नो सदस्यता नवकिरण नगर्नु भएका सदस्यहरुले यहि असोज मसान्त भित्रमा नवीकरण गर्नुहुन सूचित गरिन्छ । साथै आउदो साधारण सभा एवम् अधिवेशनमा भाग लिन आ.व. ०८२।०८३ को सदस्यता नवीकरण भएको हुनपर्ने यसै सूचना मार्फत जानकारी गराईन्छ ।

विस्तृत जानकारीका लागि:
**चितवन उद्योग वाणिज्य संघ**
चेम्बर मार्ग, नारायणगढ, चितवन

www.ccichitwan.org.np | ccicchitwan@gmail.com | 0097-56-596108,596208,596208






## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

.........................................................................

.........................................................................

.........................................................................

.........................................................................

.........................................................................

.................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०